दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १८१ | बुटवल | २०८३ असार २२ गते, सोमबार | नेपाल संवत ११४६ | Monday July 06, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१


## संविधान संशोधनको बारेमा हचुवाको भरमा चल्न मिल्दैन : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले सरकारका मन्त्रीहरूले संवेदनशील विषयमा बेला बेलामा दिने गरेका अभिव्यक्तिप्रति आपत्ति जनाएका छन् ।

वर्तमान सरकारका सय दिनबारे पार्टी संयन्त्रको समीक्षा कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा उनले चिन्ता गर्नुपर्ने विषयमा पनि सरकारका मन्त्रीहरूबाटै आपत्तिजनक विषयहरू बोल्ने गरेको बताए ।

'अहिले पनि प्रदेशको नामहरूको बारेमा समस्या छ । मुद्दाहरू छन् नि त । यो विषयहरूको सन्दर्भ नबुझिकन यसलाई बडो हल्कासँग, अहिले जुन सरकारको म बेला बेलामा देख्छु, एउटा मन्त्रीले आउनुभएको छ एउटा कुरा बोलिदिनुभएको छ,' सभापति थापाले थप व्याख्या गर्दै भने- 'एउटाले एउटा थपिदिएको छ, अर्कोले एउटा ठोकिदिएको छ, अर्कोले एउटा खारेज गरिदिएको छ, त्यो सरकार सञ्चालन गर्ने दलकै साथीहरूको पनि फरक फरक कुराहरू आएको छ ।'

यस्ता संवेदनशील विषयहरूमा सरकार सञ्चालन गर्ने दलकै व्यक्तिहरूबाटै ध्यान नदिएको जिकिर गरे ।

'यो सबै कुरा हेर्दा अर्को एउटा कुरा चिन्ता गर्नुपर्ने कुरा चाहिँ, संविधान बनाउने बेलाका हाम्रा नआन्सेसहरू र संवेदनशीलताहरूलाई सरकार सञ्चालन गर्ने दलका साथीहरूले पटक्कै ध्यान दिनुभएको छैन, त्यसलाई ख्याल गर्नुभएको छैन ।'-थापाले भने ।

आफूहरू संविधान संशोधनको पक्षमा भएको तर यसलाई हचुवाको भरमा गर्दा एकैछिनमा आगो बाल्नसक्नेतर्फ उनले सरकारलाई सचेत गराए ।

'हामी संविधान संशोधन गर्ने पक्षमा नभएको होइन । बकाइदा गर्नुपर्ने छ । पुनरावलोकन गर्नुपर्ने छ । तर यसरी होइन, यस्तो हचुवा पाराले होइन । यहाँ त एकैछिनमा आगो बल्छ,' थापाले भने-'अधिकारको विषय त्यतिबेलासम्म गौण हुन्छ, जतिबेलासम्म अधिकार प्राप्त भइरहेको हुन्छ । तर अधिकारको विषय चलाइयो भनेको बेलामा सबैभन्दा बढी महत्वपूर्ण विषय त्यतिबेला नै बन्छ । भाषाको विषय सबैभन्दा बढी महत्त्वपूर्ण विषय बन्छ । समावेशीताको विषय सबैभन्दा बढी महत्वपूर्ण विषय बन्छ ।'

सभापति थापाले विविधताहरूलाई सम्बोधन गर्ने विषय सबैभन्दा बढी महत्त्वपूर्ण हुने भन्दै जे मन लाग्यो त्यही पारामा नचल्न आग्रह गरे ।

'हाम्रा विविधतालाई सम्बोधन गर्ने विषय सबैभन्दा बढी महत्वपूर्ण हुन्छ । तर यी विषयहरूलाई बडो हल्का पाराले, म त भन्छु बडो लफङ्गो पाराले, जे मन लाग्छ, त्यही बोलिदिएको छ, जे मन लाग्छ त्यही गरिदिएको छ । यो अर्को एउटा चिन्ताको विषय हो ।'-उनले भने ।

# क्रंक्रिट शहरमा गाउँको झल्को दिने मौलिक घर

परम्परागत शैलीको नेपाली घरभित्र गाउँले तरकारी, गाउँले पोशाक र गाउँले कोसेली पसल सञ्चालन गरिएको छ । तीनवटै पसलमा नेपालका रैथाने र प्रांगारिक उत्पादन राखिएका छन् ।

**टिआर शर्मा**
*बुटवल*



आधुनिक डिजाइनका सिमेन्टेड घरहरुको घना बस्तीले विशाल क्रंक्रिट शहर बनेको छ बुटवल । यस्तो घना क्रंक्रिट वस्तीको एक छेउमा भर्खरै नेपालको ग्रामीण परिवेशको झल्को दिने परम्परागत नेपाली घर बनेको छ ।

माटो र गेरु रङको बाहिरी भित्तो, कालो काठका कलात्मक झ्याल-ढोका, ढल्किएको छाना, चौडा बरन्डा तथा खुला आँगनले नेपाली गाउँको मौलिकता झल्काएको छ यो घरले । बुटवल रामनगरको गौतमबुद्ध सामुदायिक मुटु अस्पतालको पारिपट्टि शान्तिपथमा युवा उद्यमी समुन्द्र घिमिरे क्षेत्रीले बनाएको यो घर आवासीय नभई नेपालका रैथाने कला, संस्कृति र परम्परा संरक्षण तथा ग्रामीण भेगका प्रांगारिक उत्पादन प्रवर्द्धन र बिक्रीका लागि बनाइएको हो । घिमिरे प्रकृति, रैथाने सीप, कला, रैथाने उत्पादनका संरक्षक, गाउँ फर्कौं अभियान्ता र ग्रामीण पर्यटन प्रवर्द्धक हुन् । यहाँ घिमिरेले गाउँको तरकारी, गाउँको पोशाक र गाउँको कोसेली गरी तीन थरिका पसल सञ्चालन गरेका छन् । पसल र घरमा गरी ५० लाख बढी लगानी भएको घिमिरेले बताए । घिमिरे स्वयंले भने यसलाई पसल नभनी नेपाली मौलिक कला, संस्कृति र परम्परा संरक्षण गर्ने संग्रहालय हो भन्छन् ।

त्यहाँ पसल बाहिर पनि नेपालका विभिन्न जातजातिले प्राचीन समयमा प्रयोग गर्ने गरेका मौलिक वस्तु, हस्तकला सामग्री, भाँडा कुँडा, लोपोन्मुख राउटेले बनाएका सामग्री, पोशाक, उपहार सामग्री आदि देख्न सकिन्छ । यस्तै पसलमा गाउँका तरकारी र फलफूल, हिमाली जिल्लाका दाल, गेडागुडी, सिस्नोको साग र पाउडर, सिन्की, गाँजा र अल्लोबाट बनेका महिला पुरुषका लागि अलग अलग रेडिमेड कपडा, झोला, ब्याग, पर्स, जुत्ता, चप्पल आदि राखिएका छन् । गाउँको तरकारीमा ७७ जिल्लाकै रैथाने उत्पादन ल्याएर बिक्री र प्रवर्द्धन गर्ने उनको लक्ष्य छ ।

गाउँको कोशेलीमा राउटेदेखि नेपालका सबै आदिवासी जनजातिले बनाउने हस्तकलाका सामग्रीको संकलन, बिक्री र प्रवर्द्धन तथा अतिथिलाई उपहार दिइने वस्तु विदेशबाट आयातित नभई स्वदेशी रैथाने सीप कलामा आधारित वस्तु दिने थिति बसाल्ने उनको अभियान छ । पसलमा ५ जना कर्मचारी र घिमिरे दम्पत्तिले काम गर्छन् ।

सञ्चालनमा आएको तीन चार दिनमै गाउँले घर (पसल) हेर्न र घरसँगै फोटो खिच्न आउनेको भीड लाग्ने गरेको समुन्द्रले बताए । सर्वसाधारणसँगै समाजका विभिन्न क्षेत्रमा स्थापित व्यक्तित्वहरु आएर सकारात्मक प्रतिक्रिया र सुझाव दिइरहनु भएको छ ।'-घिमिरेले भने ।

बैंकर यम पुनले शहरको बिचमा गाउँको झल्को दिन मौलिक घरको फोटो सामाजिक सञ्जालमा देखेपछि खोज्दै आउँदा गज्जब लागेको प्रतिक्रिया दिए ।

'झट्ट हेर्दा आवासीय घर होला भन्ने लागेको थियो, यहाँ आउँदा गाउँका उत्पादनको बजारीकरण र बिक्री पनि हुँदोरहेछ, यसले साँच्चिकै ग्रामीण अर्थतन्त्र चलायमान बनाउन योगदान दिन्छ,' पुनले भने-'यो घर र पसल मात्र नभई नेपालका विभिन्न समुदाय, जातजातिका मौलिक परम्परा, कला संस्कृति, रैथाने वस्तु संरक्षण, प्रवर्द्धन गर्ने साझा थलो र नेपाली संग्रहालय जस्तो लाग्यो ।'

सात वर्ष वैदेशिक रोजगारीको सिलसिलामा दुबईमा काम गर्दा युएई भौतिकरुपमा विकसित भए पनि प्रकृतिका दृष्टिले मृत भूमि (मरुभूमि) ठानेर आफ्नै देशमा केही गर्नुपर्छ भनेर नेपाल फर्किएको बताउँछन् घिमिरे । 'बुटवलको घना क्रंक्रिट शहरमा गाउँले घर बनाउनुको उद्देश्य यहाँ व्यवसाय गरेर नाफा कमाउनु होइन, यो घर मार्फत् गाउँलाई माया गरौं, गाउँ सुन्दर छ, गाउँमै भविष्य छ भन्ने सन्देश दिन खोजेको हुँ,' घिमिरेले भने-'यो घर हेर्न आउनेहरुले जब गाउँका प्रांगारिक र स्वच्छ वस्तु, उत्पादन देख्छन्, उपभोग गर्छन् अनि उनीहरुलाई गाउँप्रति माया र सम्मान जाग्छ र उनीहरु गाउँ फर्केर कृषि वा अन्य उद्यम गर्न प्रेरित हुन सक्छन् ।'

शहरमा मात्रै जनसंख्याको चाप र शहरमा मात्रै अवसर, रोजगारी छ भन्ने मान्यता बदल्न युवालाई गाउँमा उद्यम गर्न गाउँ फर्काउने आफ्नो मुख्य लक्ष्य भएको घिमिरे बताउँछन् । 'शहरमा हुर्केका पुस्तालाई ग्रामीण जनजीवन सिकाउने, गाउँका वनजंगल, रित्तिएका घर जग्गा,नदीनालाको सदुपयोग गरी आयआर्जन गर्न सकिन्छ, गाउँमा शान्तिपूर्वक बस्न, रमाउन सकिन्छ भन्ने सन्देश फैलाउन बुटवलको यो गाउंले घरले भूमिका खेल्नेछ,' घिमिरे भन्छन्-'नयाँ पुस्ता र शहरका विद्यार्थीलाई ग्रामीण जनजीवन, ग्रामीण अर्थतन्त्र, सिक्ने सिकाउने र ग्रामीण जीवनलाई ब्राण्ड बनाउँदै युवालाई गाउं घरमै उद्यम गर्न प्रेरित गर्ने उद्देश्य छ ।'

बढ्दो शहरीकरण, आधुनिकरणले युवादेखि पाको उमेरसम्मका मान्छेमा चिन्ता, डिप्रेसन, आवेगको शिकार भएकाले उनीहरुलाई गाउँघरमा प्रकृतिसँग रमाएर ध्यान, योगामार्फत् शान्ति दिलाउन गाउँमा फर्काउनुपर्ने समुन्द्रको तर्क छ ।

समुन्द्रले पाल्पाको तिनाउ गाउँपालिका ६ मा २० रोपनी जग्गा खरिद गरी गाउँको घर इको फार्म र रिसोर्ट पनि सञ्चालन गरेका छन् । रिसोर्टसँगै तरकारी, कफी, दालचिनी, रुद्राक्ष खेती गरेका छन् । त्यसलाई बोटानिकल गार्डेनको रुपमा विकास गर्ने उनको लक्ष्य छ ।

गाउँमा बसाईसराइले रित्तिएका घर जग्गा लिजमा लिएर होम स्टे र कृषि फार्म सञ्चालन गर्न सकिने र त्यहाँ शहरका विद्यार्थीलाई कृषि कर्म सिकाउन, पढ्दै कमाउँदै अभियानमा आबद्ध गराउन सकिने घिमिरे औंल्याउंछन् । हाल गाउँको घर (इको फार्म) नजिकै केही घर र जग्गा लिजमा लिई कफी, डल्ले खुर्सानी, काउली, बन्दा, धनिया, क्याप्सिकमको व्यवसायिक उत्पादन र बिक्री सुरु गरेको घिमिरेले बताए । घिमिरेले रैथाने उत्पादनको प्रदर्शनी र बिक्रीका लागि बुटवलमा हरेक शनिबार खुल्लारुपमा खस्यौली बजार सञ्चालन गर्ने गरेका छन् । जहां करिब २५ उद्यमीका रैथाने उत्पादनका स्टल रहने गरेका उनले बताए ।

घिमिरेले प्रकृति र पर्यावरण संरक्षण, सरसफाई र डढेलो नियन्त्रण जस्ता सामाजिक काम गर्न इको यात्री संस्थाको नेतृत्व पनि गरेका छन् ।

# गुणस्तरीय शिक्षामा फड्को मार्दै भैरहवा




**मोहम्मद हबिब**
*भैरहवा*

व्यापार, पर्यटन र नेपाल-भारत सीमावर्ती गतिविधिका कारण लामो समयदेखि परिचित सिद्धार्थनगर नगरपालिका पछिल्ला वर्षहरूमा शिक्षा क्षेत्रको समेत महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको छ । उच्च साक्षरता दर, विद्यालय तथा उच्च शिक्षाका संस्थाको विस्तार, सूचना-प्रविधिमैत्री शिक्षण प्रणाली, निजी र सामुदायिक विद्यालयबीच बढ्दो गुणस्तरीय प्रतिस्पर्धा तथा स्थानीय सरकारको लगानीले नगरको शैक्षिक स्वरूप उल्लेखनीय रूपमा परिवर्तन गरेको छ । यही कारण आज सिद्धार्थनगर लुम्बिनी प्रदेशकै प्रमुख शैक्षिक गन्तव्यमध्ये एकका रूपमा चिनिन थालेको छ ।

सिद्धार्थनगर नगरपालिकाको शिक्षा शाखाका तथ्याङ्कअनुसार नगरभित्र हाल ७६ वटा विद्यालय सञ्चालनमा छन् । तीमध्ये सामुदायिकतर्फ १० वटा माविसहित १७, धार्मिकतर्फ १३ र १ विद्याश्रम, निजी संस्थागततर्फ २५ माविसहित वटा विद्यालय रहेका छन् भने १२ विद्यालयले कक्षा ११-१२ सञ्चालन गरिरहेका छन् । सामुदायिकतर्फ १० हजार र संस्थागततर्फ १७ हजार विद्यार्थीहरु अध्ययनरत रहेका छन् । सामुदायिक र संस्थागत विद्यालय दुवैले पछिल्ला वर्षहरूमा पूर्वाधार, शैक्षिक गुणस्तर र आधुनिक शिक्षण प्रणालीमा उल्लेखनीय सुधार गरेका छन् । राष्ट्रिय जनगणनाको पछिल्लो तथ्याङ्कअनुसार नगरको साक्षरता दर ८६.१२ प्रतिशत पुगेको छ, जुन राष्ट्रिय औसतभन्दा माथि हो । यसले शिक्षा पहुँच र जनचेतनाको स्तर दुवैमा सिद्धार्थनगरले हासिल गरेको उपलब्धि स्पष्ट पार्छ ।

नगरपालिकाका शिक्षा शाखा अधिकृत कृष्ण पोखरेलका अनुसार नगरपालिकाभित्रको शैक्षिक गुणस्तर र पूर्वाधार विकासमा उल्लेख्य सुधार भएको छ । सबै सामुदायिक विद्यालय र मदरसाका बाल विकासदेखि कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजा, सबै बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक तथा छात्राहरूका लागि सेनिटरी प्याडको व्यवस्था मिलाइएको छ । आयस्रोत कम भएका विद्यालयको विद्युत् महसुल भुक्तानी गर्नुका साथै आवश्यकता अनुसार शिक्षक दरबन्दी मिलान र तालिमको व्यवस्था हुने गरेको छ ।

विद्यालयहरूलाई प्रविधिमैत्री बनाउन इमिस प्रणालीमार्फत डिजिटल अभिलेखीकरण, सबै सामुदायिक माध्यमिक विद्यालयमा स्मार्ट बोर्ड, ल्यापटप, प्रोजेक्टर र सिसि क्यामेरा जडान गरी सुरक्षा र आधुनिक सिकाइ सुनिश्चित गरिएको सिद्धार्थनगर नगरपालिकाका प्रमुख ईस्तियाक अहमद खाँले बताए । भौतिकतर्फ सबै माविमा कम्तीमा ४ कोठे पक्की भवन निर्माण भएका छन् । स्थानीय पाठ्यक्रम 'हाम्रो सिद्धार्थनगर' लागू गरिएको छ भने शिक्षालाई व्यवस्थित गर्न पञ्चवर्षीय नगर शिक्षा योजना कार्यान्वयनमा ल्याइएको छ । साथै, विद्यालय बाहिर रहेकाहरूलाई साक्षर बनाउन तथ्यांक संकलन, कक्षा ८ को परीक्षा व्यवस्थापन र राष्ट्रपति रनिङ शिल्ड जस्ता खेलकुद प्रतियोगिताहरू नियमित रूपमा सञ्चालन भइरहेका उनको भनाइ छ ।

एक समय व्यापारिक गतिविधिका कारण मात्र चिनिने भैरहवा अहिले विद्यालय, क्याम्पस र व्यावसायिक शिक्षाका संस्थाहरूको केन्द्र बन्दै गएको छ । रुपन्देही क्याम्पस, युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज (यूसीएमएस), पक्लिहवा कृषि क्याम्पस, आखाँ अस्पताल, प्राविधिक शिक्षालय,बहुमुखी क्याम्पसलगायतका उच्च शिक्षाका संस्थाले नगरलाई प्रदेशकै महत्वपूर्ण शैक्षिक केन्द्रको पहिचान दिलाएका छन् । चिकित्सा, कृषि, व्यवस्थापन, शिक्षा, मानविकी तथा अन्य विविध विषयमा अध्ययन गर्ने विद्यार्थीका लागि सिद्धार्थनगर अहिले आकर्षक गन्तव्य बन्दै गएको छ । यहाँ अन्य पालिकाबाट पनि सयौंको संख्यामा अध्ययनका लागि विद्यार्थीहरु आउने गरेका छन् ।

नगरपालिकाले पछिल्ला वर्षहरूमा विद्यालय भवन निर्माण, कक्षाकोठा विस्तार, शुद्ध खानेपानी, शौचालय, कम्पाउन्ड, खेलमैदान तथा सूचना-प्रविधिमा आधारित शिक्षण प्रणाली विस्तारमा निरन्तर लगानी गर्दै आएको छ । डिजिटल सिकाइ सामग्रीको प्रयोग बढेको छ । शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि नियमित तालिम, बालमैत्री सिकाइ वातावरण र विद्यार्थी केन्द्रित शिक्षण विधिलाई समेत प्राथमिकतामा राखिएको शिक्षा शाखाको भनाइ छ ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# किसानका पीडा

धनकुटाको छथर जोरपाटी गाउँपालिकाका मूला उत्पादक किसानले भाउ नपाएपछि रासायनिक विषादी छर्किएर र यान्त्रिक हलो चलाएर मूला नष्ट गर्न थालेका छन् । उत्पादनको लागत समेत नउठ्ने भएपछि किसानले नष्ट गर्न थालेका हुन् ।

गोरखाको गण्डकी गाउँपालिका-८ घ्याल्चोकका देवेन्द्र भुजेलले उत्पादन गरेको भन्टा व्यापारीले प्रतिकेजी ५ रुपैयाँमा मात्र खरिद गर्ने भनेपछि सडकमै फालिदिएका छन् । व्यापारीले दिएको मूल्य प्रतिकेजी ५ रुपैयाँले उत्पादन लागत नउठ्ने भएपछि उनले सडकमै फालेका हुन् । गोरखा र धनकुटाका किसानको यो कथा अरु धेरै किसानसँग मेल खान्छ । आम्दानी गर्ने उद्देश्यले व्यवसायिक तरकारी खेती गरेका किसान अहिले समस्यामा पर्न थालेका छन् । किसानले उत्पादन लागत समेत उठाउन हम्मे पर्न थालेको छ ।

नेपालमा भारतीय तरकारी सहजै आएपछि यहाँका किसानको प्रतिस्पर्धा कमजोर भएको छ । भारतबाट उत्पादन लागत थोरै भएको तरकारी सस्तो मूल्यमा आइरहेको छ । सस्तो मूल्यमा तरकारी आउँदा उपभोक्तालाई सहज भए पनि नेपाली उत्पादनमा समस्या भएको छ । तरकारी उत्पादनले मूल्य पाउने ग्यारेण्टी नभएपछि किसान तरकारी खेतीबाट पलायन हुने जोखिम बढेको छ । दुई वर्षअघि चितवनका किसानले बन्दा गोभी खेतमै डोजर लगाइदिएका थिए । अहिले पनि चितवनका किसान बजार भाउको ग्यारेण्टी नहुँदा उत्पादन सडकमै फाल्नु पर्ने अवस्थामा छन् । उत्पादन भएको तरकारीको बजारको ग्यारेण्टी नहुँदा किसान खेतीपातीबाट पलायन हुने जोखिम बढेको छ । उत्पादन भएको किसानको तरकारीको बजार व्यवस्थापनमा सरकारले सहजीकरण गर्न सक्छ । उत्पादन लागत घटाउन उत्पादनमा आधारित अनुदानको व्यवस्था गर्न सक्छ ।

तर अर्थमन्त्री स्वर्णीम वाग्लेले अनुदानमा दुरुपयोग भएको भन्दै साना किसानले पाउने अनुदान कटौती गरेका छन् । यसपालीको बजेट ठूला किसानलाई पोस्ने र साना किसानलाई सेक्ने नीति लिएको यो सरकारबाट किसानले धेरै आशा गर्नु व्यर्थ हो । नेपालको ग्रामीण अर्थतन्त्र उकास्न र चलायमान बनाउन साना किसान पोस्ने बजेट ल्याउनुपर्ने हो । साना किसान लक्षित बजेट ल्याउँदा स्वरोजगार श्रृजना भई बैदेशिक रोजगारीमा जाने संख्या घटाउन सकिन्छ ।

बढ्दो उत्पादन लागत र बजार मूल्य स्थिर नहुँदा तरकारी खेतीबाट किसानलाई जोखिम बढेको छ । अरु खाद्य बालीको अवस्था पनि उस्तै छ । बाँदर र बँदेलले बाली नालीमा जोखिम बढेको छ । खडेरी, हावाहुँरी र अत्याधिक वर्षाले गर्ने नोक्सानी एकातिर छँदैछ, वन्यजन्तुले खेतीपाती नष्ट गर्ने क्रम बढ्दो छ, किसानका समस्या चुलिंदै छन् ।

उत्पादन भएको तरकारीलगायतका बालीको बजार ग्यारेण्टी गर्ने र बजारमा बिक्री नहुँदाको अवस्थामा उत्पादन लागत राज्यले व्यहोर्ने नीति राज्यले लिनु आवश्यक छ ।

# सहकारी : विश्वास, विकास र समृद्धिको आधार



दयाराम पण्डित

जब सदस्यको हितलाई केन्द्रमा राखेर नीति, विधि र प्रविधिमैत्री ढंगले सहकारी सञ्चालन हुन्छ, तब त्यो संस्था समुदायको आशा, विकास र समृद्धिको केन्द्र बन्न सक्छ। त्रिवेणीको यात्रा त्यसैको जीवन्त प्रमाण हो। आजको आवश्यकता सहकारीप्रति निराशा फैलाउनु होइन, राम्रो सहकारीको अभ्यासलाई सुदृढ गर्दै आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा उत्तरदायी र आत्मनिर्भर समुदाय निर्माण गर्नु हो।

पछिल्ला वर्षहरूमा नेपालमा सहकारी क्षेत्र धेरै चर्चा र विवादको विषय बन्यो । केही सहकारी संस्थामा देखिएका वित्तीय अनियमितता, बचतकर्ताको रकम दुरुपयोग, सञ्चालक कर्मचारीहरुको गैरजिम्मेवार व्यवहार तथा ठगीका घटनाले समग्र सहकारी अभियानप्रति नागरिकको विश्वास कमजोर बनाएको छ । कतिपयले सहकारीलाई ठगी गर्ने माध्यमका रूपमा चित्रित गर्न थालेका छन् । तर केही व्यक्तिको गलत क्रियाकलापका आधारमा सम्पूर्ण सहकारी आन्दोलनलाई दोष दिनु न्यायोचित हुँदैन । नेपालभर हजारौं सहकारी संस्थामध्ये धेरै संस्था आज पनि इमानदारितापूर्वक सदस्यको जीवनस्तर उकास्न, स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन र समुदायको विकासमा योगदान पुऱ्याउन निरन्तर सक्रिय छन् ।

बाजुरा जिल्लाको त्रिवेणी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड यस्तै सफल संस्थामध्ये एक हो । २०५८ सालमा स्थापना भएको यो संस्था आज २५ वर्ष पूरा गर्दै जिल्लाको आर्थिक तथा सामाजिक विकासको महत्वपूर्ण साझेदार बनेको छ । सहकारी भनेको केवल बचत र ऋणको कारोबार गर्ने संस्था मात्र होइन, समुदायको विकास, आत्मनिर्भरता र सामाजिक रूपान्तरणको माध्यम पनि हो भन्ने तथ्य त्रिवेणीले आफ्नो कार्यबाट प्रमाणित गरेको छ ।

सहकारीको मूल मर्म भनेको सानो-सानो पुँजी, श्रम र सीपलाई एकीकृत गरी सामूहिक समृद्धिको आधार निर्माण गर्नु हो । एक व्यक्तिले एक्लै गर्न नसक्ने काम सामूहिक प्रयासबाट सम्भव हुन्छ भन्ने दर्शन सहकारी आन्दोलनको आधार हो । बाजुराजस्तो दुर्गम जिल्लामा आर्थिक अवसर सीमित छ । बैंक तथा वित्तीय संस्थाको पहुँच अझै पनि सबै गाउँसम्म सहज छैन । यस्ता परिस्थितिमा स्थानीय नागरिकको बचतलाई सुरक्षित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्ने माध्यमका रूपमा सहकारीको भूमिका झन् महत्वपूर्ण हुन्छ ।

त्रिवेणी सहकारीले आफ्नो स्थापनाकालदेखि नै यही सिद्धान्तलाई आत्मसात् गर्दै आएको देखिन्छ । द्वन्द्वकालको कठिन समयमा स्थापना भएको संस्थाले केवल आर्थिक कारोबारमा सीमित नरही स्थानीय समुदायका आवश्यकतासँग जोडिएर काम गऱ्यो ।

सञ्चार सुविधा अभाव भएको बेला पीसीओ सेवा सञ्चालन गरेर नागरिकलाई बाहिरी संसारसँग जोड्ने काम गऱ्यो । सरसफाइ र वातावरण संरक्षणको चेतना कमजोर भएको समयमा ठोस फोहोर व्यवस्थापन कार्यक्रम सञ्चालन गऱ्यो । विद्युत् सेवा संकटमा परेको बेला जलविद्युत् व्यवस्थापनमा सहयोग पुऱ्यायो । यस्तो गतिविधिले सहकारी समुदायको अभिन्न साथी बन्न सक्छ भन्ने उदाहरण प्रस्तुत गरेको छ ।

सहकारीको सबैभन्दा ठूलो सफलता भवन निर्माण, सम्पत्ति विस्तार वा आर्थिक सूचकाङ्क मात्र होइन, सदस्यको जीवनमा आएको सकारात्मक परिवर्तन हो । कुनै किसानले सहकारीबाट ऋण लिएर कृषि व्यवसाय विस्तार गर्न सफल हुनु, कुनै महिलाले आफ्ना छोराछोरीलाई उच्च शिक्षा दिन सक्नु, कुनै युवाले स्वरोजगार सिर्जना गरेर रोजगारदाता बन्नु नै वास्तविक सफलता हो । सहकारीको प्रभाव सदस्यको बैंक खातामा मात्र होइन, उसको जीवनशैली, सोच, आत्मविश्वास र सामाजिक हैसियतमा पनि देखिनुपर्छ ।

त्रिवेणी सहकारीसँग यस्ता सयौं प्रेरणादायी कथा छन् । सानो लगानीबाट व्यवसाय शुरु गरेर सफल उद्यमी बनेका सदस्य, कृषि उत्पादनबाट आत्मनिर्भर बनेका किसान, ऋण सुविधाको उपयोग गरेर छोराछोरीलाई उच्च शिक्षा दिलाएका अभिभावक तथा स्वरोजगार सिर्जना गरेका युवाहरू सहकारी आन्दोलनका वास्तविक उपलब्धि हुन् । यस्ता कथाले सहकारीले केवल पैसा दिन्छ भन्ने होइन, अवसर दिन्छ भन्ने सन्देश दिन्छन् ।

आजको युगमा सहकारीको सफलता केवल पुँजीको आकारले निर्धारण हुँदैन । सुशासन, पारदर्शिता, प्रविधि प्रयोग, उत्तरदायित्व र सदस्यप्रतिको जवाफदेहिताले यसको भविष्य निर्धारण गर्छ । सहकारी संस्थाले नियमित लेखापरीक्षण, सदस्यलाई सही सूचना उपलब्ध, वित्तीय अनुशासन कायम र निर्णय प्रक्रियामा सदस्यको सहभागिता सुनिश्चित गर्नुपर्छ । सहकारीमा विश्वास कायम राख्ने एकमात्र उपाय भनेको पारदर्शी व्यवस्थापन हो ।

त्रिवेणी सहकारीले आगामी वर्षका लागि तयार गरेको रणनीतिक योजना पनि आशावादी देखिन्छ । सदस्य विस्तार, कृषि तथा उत्पादनमूलक क्षेत्रमा लगानी, डेरी उद्योग, मिनरल वाटर उद्योग, कृषि उपज संकलन केन्द्रलगायतका योजनाले स्थानीय अर्थतन्त्रलाई थप चलायमान बनाउन सक्छन् । विशेष गरी कृषि र उद्यमशीलतामा आधारित लगानीले गाउँमै रोजगारी सिर्जना गर्ने सम्भावना बढाउँछ । युवाहरू विदेशिन बाध्य हुने अवस्थालाई कम गर्न पनि यस्ता कार्यक्रम प्रभावकारी हुन सक्छन् ।

नेपालको संविधानले परिकल्पना गरेको तीनखम्बे अर्थनीतिमध्ये सहकारी क्षेत्र एक महत्वपूर्ण आधार हो । सरकार र निजी क्षेत्रसँगै सहकारीलाई आर्थिक विकासको साझेदारका रूपमा हेरिएको छ । तर यो भूमिका प्रभावकारी बनाउन सहकारीहरू आफैं पनि जिम्मेवार बन्न आवश्यक छ । नीति, विधि, प्रविधि र सुशासनलाई आत्मसात् नगरी सहकारी अभियान सफल हुन सक्दैन । सदस्यको विश्वास नै सहकारीको सबैभन्दा ठूलो सम्पत्ति भएकाले त्यसको संरक्षण पहिलो प्राथमिकता हुनुपर्छ ।

आज जब सहकारी क्षेत्र आलोचनाको घेरामा छ, त्यही बेला त्रिवेणीजस्ता संस्थाहरूले सकारात्मक उदाहरण प्रस्तुत गरिरहेका छन् । यस्ता संस्थाका सफल अभ्यासलाई उजागर गर्नु आवश्यक छ, ताकि समाजले सहकारीको उज्यालो पक्ष पनि देख्न सकोस् । खराब अभ्यासलाई कारबाही गर्दै राम्रो अभ्यासलाई प्रोत्साहन गर्नु नै सहकारी क्षेत्र सुधारको सही बाटो हो ।

सहकारी भनेको गरिबको बैंक, किसानको साथी, युवाको अवसर र समुदायको शक्ति हो । सही नेतृत्व, इमानदार व्यवस्थापन र सदस्यको सक्रिय सहभागिता भए सहकारी आर्थिक समृद्धिको बलियो आधार बन्न सक्छ । बाजुराको त्रिवेणी बहुउद्देश्यीय सहकारी संस्थाले २५ वर्षको यात्रामा यही सन्देश दिएको छ ।

आज त्रिवेणी बहुउद्देश्यीय सहकारी संस्था बाजुराको एक सशक्त वित्तीय संस्थाको रूपमा स्थापित भएको छ । संस्थामा २,३०० भन्दा बढी शेयर सदस्य आबद्ध छन् । झन्डै ४,९०० बचतकर्ता रहेका छन् । करोडौं रुपैयाँको बचत, ऋण तथा लगानी परिचालन भइरहेको छ ।

संस्थाले साना किसान, व्यापारी, कर्मचारी, महिला समूह, युवा उद्यमी तथा स्वरोजगार बन्न चाहने व्यक्तिहरूलाई सहज ऋण उपलब्ध गराउँदै आएको छ । धेरै परिवारको आर्थिक अवस्था सुधार गर्न यसले महत्वपूर्ण भूमिका खेलेको छ ।

संस्थाका अध्यक्ष शेरबहादुर रावल भन्छन्, 'हामीसँग २५ वर्षको अनुभव छ । यो सहकारी विशिष्ट प्रकृतिको संस्था हो । अब हाम्रो लक्ष्य कार्यक्षेत्रभित्रका प्रत्येक घरमा कम्तीमा एक सदस्य बनाउने र सहकारीलाई समृद्ध बाजुराको अभियानसँग जोड्ने हो ।'

अन्ततः सहकारीलाई केवल ऋण लिने र बचत गर्ने थलोका रूपमा होइन, साझा सपना पूरा गर्ने संस्थाका रूपमा बुझ्नुपर्छ । जब सदस्यको हितलाई केन्द्रमा राखेर नीति, विधि र प्रविधिमैत्री ढंगले सहकारी सञ्चालन हुन्छ, तब त्यो संस्था समुदायको आशा, विकास र समृद्धिको केन्द्र बन्न सक्छ । त्रिवेणीको यात्रा त्यसैको जीवन्त प्रमाण हो । आजको आवश्यकता सहकारीप्रति निराशा फैलाउनु होइन, राम्रो सहकारीको अभ्यासलाई सुदृढ गर्दै आर्थिक रूपमा सक्षम, सामाजिक रूपमा उत्तरदायी र आत्मनिर्भर समुदाय निर्माण गर्नु हो । यही मार्गले समृद्ध बाजुरा र समृद्ध नेपालको सपना साकार पार्न सकिन्छ ।

समाचारपत्रबाट

# बेलायतको क्याम्ब्रिजमा नेपाली काव्य यात्रा




लन्डन । बेलायतको क्याम्ब्रिज सहरमा नेपाली काव्य यात्रा सम्पन्न भएको छ । बेलायतको समकालीन साहित्य प्रतिष्ठानको आयोजनामा क्याम्ब्रिजको ऐतिहासिक 'पार्कर्स पिस'मा भएको उक्त यात्रामा लन्डन र क्याम्ब्रिजमा बसोबास गर्दै आएका साहित्यकारहरु सहभागी थिए ।

त्यस अवसरमा साहित्यकारहरु कृष्ण उपाध्याय, पोषेन्द्र सत्याल, लता गौतम, योगराज ढकाल, केशव पुडासैनी, चन्द्रमणि गौतम र कृष्ण बजगाईंले कवितावाचन गरेका थिए ।

नेपाली कविताका माध्यमबाट बेलायतमा रहेका नेपालीलाई आफ्नो मातृभूमिको भाषा, संस्कृति र साहित्यसँग जोड्ने तथा नेपाली साहित्यलाई अन्तरराष्ट्रियस्तरमा फैलाउने उद्देश्यका साथ आयोजना हुँदै आएको काव्य यात्राको यो तेस्रो संस्करण हो ।

प्रतिष्ठानका अध्यक्ष कृष्ण बजगाईंले काव्य यात्रा बेलायतका विभिन्न सहरमा आयोजना गरिने र काव्य यात्रामा वाचित कविताहरुको सङ्ग्रह प्रकाशन गरिने जानकारी दिए ।

विश्वको जुनसुकै कुनामा पुगे पनि नेपाली भाषा र साहित्यको उन्नयन सबैको दायित्व भएको उनले बताए ।

# ग्यास्ट्राइटिसः यसरी गर्नुहोस् नियन्त्रण



पछिल्लो समय स्वादलाई ध्यान दिई स्वास्थ्यलाई ध्यानमा नराख्दा ग्यास्ट्राइटिसको समस्या बढ्दै गएको पाइन्छ ।

अत्यधिक मात्रामा तयारी खानेकुराको प्रयोगले ग्यास्ट्राइटिसको समस्या बढ्दै गएको चिकित्सकहरू बताउँछन् ।

पेट तथा कलेजोरोग विशेषज्ञ डा. विधाननिधि पौडेल कोक, फ्यान्टा, डिउजस्ता पेय पदार्थ, चिया, कफी, चुरोट, सुर्तीजन्य पदार्थ, तारेको र चिल्लो खानेकुराको अत्यधिक प्रयोगले पछिल्लो समय ग्यास्ट्राइटिसको समस्या बढेको बताउँछन् ।

लामो समय खाली पेट बस्नु, मैदाजन्य खानेकुरा, रक्सी, चुरोट, अमिलो फलफूल, तथा एउटै तेलमा बारम्बार पकाइएको खानाले पेटमा एसिड बढाएर ग्यास्ट्राइटिसलाई झन् बिगार्ने गर्छ ।

ग्यास्ट्राइटिस बढाउने मुख्य खानेकुराहरू यस प्रकार छन्:

चिल्लो र तारिएका खानेकुराः धेरै तेलमा तारिएका समोसा, पकौडा र एउटै तेल बारम्बार प्रयोग गरी पकाइएका खानेकुराले ग्यास्ट्राइटिसको जोखिम बढाउँछन् ।

अमिलो र साइट्रस फलफूलः कागती, सुन्तला, निबुवा र भोगटे जस्ता अमिलो फलफूलका साथै टमाटरले पनि पेटमा एसिडको मात्रा बढाएर समस्या निम्त्याउन सक्छ ।

मसलेदार र पिरो खानाः धेरै खुर्सानी, गरम मसला र कडा खालका मसलाको प्रयोगले पेटको भित्री भाग सुन्निने र पोल्ने गर्दछ ।

जंक फुड र प्याकेट फुडः चाउचाउ, बिस्कुट र अन्य तयारी खानेकुरामा प्रयोग गरिने 'प्रिजर्भेटिभ' र रसायनले पाचन प्रक्रियामा असर पुऱ्याउँछन् ।

मैदाजन्य परिकारः मैदाबाट बनेका खानेकुरा पचाउन गाह्रो हुने भएकाले यसले पेट फुल्ने र ग्यास्ट्राइटिस बढाउने गर्दछ ।

दूधको चिया र कफीः चियापत्ति धेरै हालेर उमालिएको कडा चियामा हुने निकोटिन र कफीमा हुने क्याफिनले ग्यास्ट्राइटिसलाई थप बल्झाउँछ ।

धूम्रपान र मद्यपानः चुरोट र रक्सीको सेवनले पेटको झिल्लीलाई कमजोर बनाउँछ, जसले गर्दा ग्यास्ट्राइटिस र पछि अल्सरको जोखिम समेत बढ्छ ।

**ग्यास्ट्राइटिस हुनबाट बच्ने उपायहरूः**

समयमै खानाः हरेक दिन निश्चित समयमा खाना खानुहोस्। लामो समयसम्म खाली पेट नबस्नुहोस् ।

स्वस्थ आहारः हरियो सागसब्जी, सलाद, र ताजा फलफूल खानुहोस् ।

बार्नुपर्ने खानेकुराः धेरै पिरो, चिल्लो, तारेको, भुटेको, र प्रशोधित जंक फुड नखानुहोस् ।

पानीको मात्राः प्रतिघण्टा एक गिलास पानी पिउने बानी बसाल्नुहोस् ।

नियमित व्यायामः बिहान मर्निङ वाक, योग, वा अन्य शारीरिक व्यायाम गर्नुहोस् ।

तनाव व्यवस्थापनः तनाव कम लिनुहोस् र पर्याप्त सुत्नुहोस् ।

खाना खाने तरिकाः खाना चपाएर खानुहोस् र खाना खाइसकेपछि केही बेर हिँडडुल गर्नुहोस् ।

स्वास्थ्य खबरबाट

# सुनचाँदीको मूल्यमा सामान्य गिरावट



काठमाडौँ । स्थानीय बजारमा आइतबार सुनचाँदीको मूल्यमा सामान्य गिरावट आएको छ । गत शुक्रबारको तुलनामा सुन तोलामा रु ४०० र चाँदी रु १० ले घटेको छ। नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार छापावाल सुन प्रतितोला रु दुई लाख ९० हजार ३०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु चार हजार ६०५ कायम भएको छ।

गत शुक्रबार छापावाल सुन प्रतितोला रु दुई लाख ९० हजार ७०० र त्यति नै परिमाणको सेतो धातु रु चार हजार ६१५ मा कारोबार भएको थियो। गत बिहीबार छापावाल सुन प्रतितोला रु दुई लाख ८३ हजार ५०० र त्यति नै परिमाणको चाँदीको रु चार हजार ४५० मा किनबेच भएको थियो।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार १७४ र चाँदी ६२ अमेरिकी डलरमा कारोबार भइरहेको छ।

**गुणस्तरीय ...**

निजी विद्यालयहरूले विज्ञान तथा प्रयोगशाला, स्मार्ट कक्षा, अतिरिक्त क्रियाकलाप तथा प्रविधिमा आधारित शिक्षणलाई प्राथमिकता दिएका छन् भने सामुदायिक विद्यालयहरूले पनि गुणस्तर सुधारका प्रयासलाई तीव्र बनाएका छन । पछिल्ला केही वर्षयता निजी विद्यालयका विद्यार्थीसमेत सामुदायिक विद्यालयतर्फ आकर्षित हुन थालेको अवस्था देखिनु सामुदायिक शिक्षामा आएको सुधारको सकारात्मक संकेत मानिएको छ।

विद्यालयहरूबिचको स्वस्थ प्रतिस्पर्धाले पनि समग्र शैक्षिक वातावरणलाई थप गतिशील बनाएको छ । आधुनिक शिक्षण शैली, सूचना-प्रविधिको प्रयोग, विज्ञान प्रदर्शनी, खेलकुद, हाजिरीजवाफ, वक्तृत्वकला, सांस्कृतिक कार्यक्रम तथा अन्य अतिरिक्त क्रियाकलापमार्फत् विद्यालयहरूले विद्यार्थीको सर्वाङ्गीण विकासमा ध्यान केन्द्रित गरेका छन्। शिक्षाविद्हरूका अनुसार अहिलेको प्रतिस्पर्धा केवल परीक्षा नतिजामा सीमित नभई विद्यार्थीको व्यक्तित्व विकास, नेतृत्व क्षमता, अनुसन्धान र सिर्जनशीलता अभिवृद्धितर्फ पनि उन्मुख हुँदै गएको छ।

यद्यपि विद्यालयदेखि स्नातक तहसम्म अध्ययन गर्ने पर्याप्त अवसर नगरभित्र उपलब्ध भए पनि कक्षा १२ पछि चिकित्सा, इञ्जिनियरिङ, सूचना प्रविधि, अनुसन्धान तथा अन्य विशिष्टीकृत विषय अध्ययनका लागि बाहिर जाने विद्यार्थीको संख्या अझै उल्लेख्य छ। अवसर, प्रतिष्ठा, अन्तर्राष्ट्रियस्तरको अध्ययन वातावरण र रोजगारीको सम्भावनालाई हेरेर धेरै अभिभावकले आफ्ना छोराछोरीलाई बाहिर पठाउने गरेका छन्।

शिक्षा क्षेत्रमा लामो समयदेखि क्रियाशील नारायण कोइरालाका अनुसार विद्यार्थी पलायन रोक्न नगरभित्रै गुणस्तरीय उच्च शिक्षा, अनुसन्धान केन्द्र, आधुनिक प्रयोगशाला, अन्तर्राष्ट्रियस्तरका शैक्षिक कार्यक्रम तथा उद्योगसँग जोडिएका सीपमूलक पाठ्यक्रम विस्तार गर्न आवश्यक छ। उनका अनुसार स्थानीय शैक्षिक संस्थाको विश्वसनीयता अझ बलियो बनाउन सकिए दक्ष जनशक्ति उत्पादन, रोजगारी सिर्जना र आर्थिक गतिविधि विस्तारमा समेत महत्वपूर्ण योगदान पुग्नेछ।

समग्र सिद्धार्थनगरको शिक्षा क्षेत्रलाई हेर्ने हो भने भर्खरै सार्वजनिक भएको एसईईको नतिजा अनुसार निजी विद्यालयहरूले केही सुधार गरे पनि सरकारी विद्यालयहरूको नतिजा भने अझै पनि सन्तोषजनक देखिन सकेको छैन । स्थानीय सरकार र शिक्षा शाखाहरूले विद्यालयभित्रका क्रियाकलापहरूलाई प्रत्यक्ष निगरानी गर्नुपर्ने आवश्यकता छ । राम्रो गर्ने शिक्षकहरूलाई प्रोत्साहन गर्ने र कमजोर नतिजा ल्याउनेहरूलाई आवश्यक तालिमको व्यवस्था गरेर उनीहरूको क्षमता अभिवृद्धि गर्नुपर्छ, अर्कोतर्फ, उत्तरतर्फका क्षेत्रहरूको तुलनामा हाम्रा विद्यालयका भवन र भौतिक पूर्वाधारहरू कमजोर हुनु पनि रहेको कोइरालाले जनाए।

विद्यालयहरूमा प्राविधिक विषय र प्राविधिक शिक्षकहरूको अभाव छ, विज्ञान विषय त राखिएका छन तर पर्याप्त प्रयोगशाला नहुँदा विद्यार्थीहरूले प्रयोगात्मक सिकाई पूर्ण रुपले पाउन सकेका छैनन्, यही कमजोरीका कारण प्लस टु र माथिल्लो शिक्षाका लागि विद्यार्थीहरू बाहिरिने क्रम अझै रोकिन सकेको छैन । हाम्रै भैरहवा क्षेत्रका राम्रा र दक्ष शिक्षकहरू बुटवलतिर आकर्षित भइरहेका छन्, किनभने त्यहाँ शिक्षकहरूको तलब र सेवा सुविधाको स्केल राम्रो छ, यो शिक्षक पलायन हुनुको मुख्य कारण हो। अब नगर शिक्षा समिति, शिक्षा शाखा र जिल्ला शिक्षा समन्वय इकाइबीच बलियो समन्वय हुन जरुरी रहेको बताए । नियमित अनुगमन गरेर विद्यालयहरूको वास्तविक अवस्था बुझ्न सकियो भने मात्र सरकारी विद्यालयहरूमा नयाँ प्रविधियुक्त शिक्षण सिकाई भित्र्याउन र यहाँको शिक्षाको स्तर सुधार्न सकिन्छ।

सिद्धार्थनगरसँग शैक्षिक केन्द्र बन्ने आवश्यक आधारभूत संरचना अहिले नै तयार भइसकेको छ। अब अनुसन्धान, नवप्रवर्तन, स्टार्टअप संस्कृति, उद्योग-शिक्षा सहकार्य तथा रोजगारमुखी कार्यक्रमलाई प्राथमिकता दिन सकिए विद्यार्थीलाई आफ्नै नगरमा गुणस्तरीय शिक्षा प्राप्त गर्न आकर्षित गर्न सकिने नगरको आवश्यकता हो।

सीमावर्ती शहर भएकाले भारतसँगको शैक्षिक तथा सांस्कृतिक आदान-प्रदानको अवसर पनि सिद्धार्थनगरको अर्को बलियो पक्ष मानिन्छ। अन्तर्राष्ट्रिय सहकार्य, विद्यार्थी आदान-प्रदान, संयुक्त अनुसन्धान तथा सीमा क्षेत्रको आर्थिक सम्भावनासँग जोडिएका अध्ययन कार्यक्रम सञ्चालन गर्न सकिए सिद्धार्थनगरलाई अन्तर्राष्ट्रियस्तरको शैक्षिक गन्तव्यका रूपमा विकास गर्ने सम्भावना रहेको छ।

स्थानीय सरकारको लक्ष्य विद्यालयको संख्या मात्र बढाउनु नभई गुणस्तरीय शिक्षा सुनिश्चित गर्नु हो । सामुदायिक विद्यालयको स्तर उकास्न शिक्षक तालिम, सूचना-प्रविधिको प्रयोग, शैक्षिक पूर्वाधार विकास तथा बालमैत्री सिकाइ वातावरण निर्माणलाई प्राथमिकतामा राखेर काम गर्नुपर्छ । शिक्षामा लामो अनुभव बटुलेका तथा प्याब्सन सिद्धार्थनगरका अध्यक्ष उदय कुमार मल्लिकले २०७४ सालको पहिलो निर्वाचन यता र विशेष गरी २०७९ सालको दोस्रो कार्यकाल सुरु भएपछि शिक्षा क्षेत्रमा धेरै सकारात्मक परिवर्तनहरू आएको बताए । पछिल्लो समय नगरपालिकाले निजी (संस्थागत) विद्यालयहरूलाई पनि समेट्दै नयाँ पाठ्यक्रम कार्यान्वयन र शिक्षक तथा प्रिन्सिपलहरूको विषयगत तालिममा सहभागी गराउन थालेको छ, जुन अन्य पालिकाहरूको तुलनामा एउटा राम्रो पहल हो । यद्यपि, विद्यार्थी र गुणस्तरीय शिक्षकहरूको बाहिरिने क्रमलाई रोक्नका लागि नगरपालिका स्तरबाट अझै पनि कुनै ठोस वा दीर्घकालीन योजना बन्न सकेको छैन।

उनले विद्यालयहरूले आफ्नै व्यक्तिगत प्रयासमा शिक्षकहरू टिकाउने काम गरिरहेका बताउँदै नगरपालिकाले हालै जेठ महिनादेखि एउटा शैक्षिक पञ्चवर्षीय कार्ययोजना कार्यान्वयनमा ल्याउन लागे पनि यसमा विद्यालयका नियमित प्रशासनिक सुधारका कुराहरू मात्र समेटिएका , सिद्धार्थनगरलाई व्यापारिक सहरका साथै एउटा शैक्षिक केन्द्र र शैक्षिक पर्यटन को थलोको रुपमा बनाउन सामूहिक प्रयास आवश्यक देखिन्छ।

नेपाल शिक्षक संघ रुपन्देहीका अध्यक्ष रुपकुमार रायमाझीले सिद्धार्थनगरमा अध्ययनको वातावरण विगतको तुलनामा सुधारिएको बताउँदै अब अनुसन्धान, नवप्रवर्तन, उद्योगसँगको साझेदारी तथा अन्तर्राष्ट्रियस्तरको पाठ्यक्रम विस्तार गर्न सकिए विद्यार्थीलाई काठमाडौं वा विदेश जानुपर्ने बाध्यता धेरै हदसम्म कम गर्न सकिने जनाए । शिक्षा क्षेत्रमा देखिएको सकारात्मक परिवर्तनलाई दीगो बनाउन स्थानीय सरकार, शैक्षिक संस्था, निजी क्षेत्र, उद्योग व्यवसायी तथा अभिभावकबिचको सहकार्य अझ प्रभावकारी बनाउनुपर्ने आवश्यकता समेत रहेको उनले बताए।

अभिभावकहरूको अनुभव पनि यस्तै छ। उनीहरूका अनुसार भैरहवामा आधारभूत र माध्यमिक तहको गुणस्तरीय शिक्षा सहजै उपलब्ध भए पनि केही विशिष्टीकृत विषय, अन्तर्राष्ट्रियस्तरको शैक्षिक अवसर तथा अनुसन्धानको वातावरण सीमित भएकाले छोराछोरीलाई बाहिर पठाउनुपर्ने अवस्था रहेको छ। यस्ता अवसर नगरभित्रै विकास गर्न सकिए आर्थिक भारसमेत घट्ने उनीहरूको विश्वास छ।

सूचना-प्रविधिमा आधारित शिक्षाको समान पहुँच, दक्ष शिक्षक उत्पादन, आधुनिक प्रयोगशाला, अनुसन्धान संस्कृति, पुस्तकालय विस्तार, सीपमूलक शिक्षा, नवप्रवर्तन तथा रोजगारसँग जोडिएका कार्यक्रमलाई प्राथमिकतामा राख्न सके सिद्धार्थनगरले प्रदेशको मात्र होइन, देशकै उत्कृष्ट शैक्षिक नगरका रूपमा नयाँ पहिचान स्थापित गर्न सक्ने आधार बलियो बन्दै गएको छ।

आजको अवस्थामा सिद्धार्थनगरको सबैभन्दा ठूलो उपलब्धि भनेको शिक्षा क्षेत्रमा बनेको विश्वास हो। उच्च साक्षरता, विद्यालय र क्याम्पसको पर्याप्त उपलब्धता, सामुदायिक विद्यालयमा सुधार, निजी क्षेत्रको लगानी, प्रविधिमैत्री शिक्षण र प्रतिस्पर्धात्मक वातावरणले नगरलाई शैक्षिक रूपमा नयाँ उचाइमा पुर्‍याइरहेको छ । अबको मुख्य चुनौती भनेको यही उपलब्धिलाई गुणस्तरीय उच्च शिक्षा, अनुसन्धान, नवप्रवर्तन र रोजगारीसँग जोड्दै विद्यार्थीलाई आफ्नै नगरमा भविष्य देखाउने वातावरण सिर्जना गर्नु हो। त्यसमा सफलता हासिल गर्न सके सिद्धार्थनगरले आगामी दशकमा लुम्बिनी प्रदेशको मात्र होइन, नेपालकै उत्कृष्ट शैक्षिक केन्द्रका रूपमा आफ्नो पहिचान अझ सुदृढ बनाउने विश्वास छ।

## अधिकृत वारेसनामा बदर गरिएको सूचना

लिखितम् हस्तविर थापाको नाती शेरजंगको छोरा जिल्ला स्याङ्जा क्याक्मी गा.वि.स वडा नं. ३ हाल हरिनास गा.पा. वडा नं. ७ बस्ने जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट मिति २०६७/०२/२६ मा ना.प्र.नं. ४२१०१६/६७ को नागरिकता प्राप्त वर्ष ४६ को सोम बहादुर थापा-१ आगे मेरा नाममा दर्ता रहेको जिल्ला रुपन्देही करहिया गा.वि.स वडा नं. १क कि.नं. ४३१५ को ज.वि. ०-०-१२.२५, ऐ.ऐ. कि.नं. ४३१३ को ज.वि. ०-०-११, ऐ.ऐ. कि.नं. ४४०१ को ज.वि. ०-२-६.६५, ऐ.ऐ. कि.नं. ४३९७ को ज.वि. ०-०-१०, ऐ.ऐ. कि.नं. ४४०७ को ज.वि. ०-२-१७, ऐ.ऐ. कि.नं. ४४०९ को ज.वि. ०-३-०, ऐ.ऐ. कि.नं. ४४११ को ज.वि. ०-२-६, ऐ.ऐ. कि.नं. ४३९९ को ज.वि. ०-०-१६, ऐ.ऐ. कि.नं. ४३९३ को ज.वि. ०-०-१४, ऐ.ऐ. कि.नं. ४४१३ को ज.वि. ०-१-०, ऐ.ऐ. कि.नं. ४३९५ को ज.वि. ०-०-१२, ऐ.ऐ. कि.नं. ४४०३ को ज.वि. ०-०-९ र ऐ.ऐ. कि.नं. ४४०५ को ज.वि. ०-१-१५ समेतका जग्गा म काम विशेषले बाहिर जानु परेको हुँदा उक्त जग्गा बेच बिखन हक हस्तान्तरणको लिखत रजिस्ट्रेसन पारित गर्न गराउन मेरो सट्टामा ऐनले अधिकृत वासेशनामाको कागज लेखि दिन हुने लाल सिंह गुरुङ्गको नातिनी गम बहादुर गुरुङ्गको छोरी हस्बीतरको नातिनी बुहारी चुरामणिको छोरा बुहारी पिताम्बर थापाको पत्नी जिल्ला चितवन भरतपुर म.न.पा वडा नं. १४ बस्ने जिल्ला प्रशासन कार्यालय चितवनबाट ना.प्र.नं. १०६८२/०५२ मिति २०५२/१२/२२ मा नेपाली नागरिकता प्राप्त गरेको वर्ष ६६ की रक्षा थापालाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम अधिकृत वारेशनामाको कागज लेखि दिई रुपन्देही जिल्ला अदालतबाट मिति २०८०/०८/१३ मा प्रमाणित भएको अधिकृत वारेश बदर गरी दिएको छु। यो अधिकृत वारेशनामा बदर भएको सूचना प्रकाशित भएको मिति देखि कोही व्यक्तिले अधिकृत वारेशबाट खरिद गरेमा सम्बन्धित अधिकृत वारेश लिने र जग्गा खरिदकर्ता जवाफदेही हुने व्यहोरा जानकारी गराउँछु।

## अधिकृत वारेसनामा बदर गरिएको सूचना

लिखितम् हस्तविर थापाको नाती शेरजंगको छोरा जिल्ला स्याङ्जा क्याक्मी गा.वि.स वडा नं. ३ हाल हरिनास गा.पा. वडा नं. ७ बस्ने जिल्ला प्रशासन कार्यालय स्याङ्जाबाट मिति २०६७/०२/२६ मा ना.प्र.नं. ४२१०१६/६७ को नागरिकता प्राप्त वर्ष ४६ को सोम बहादुर थापा-१ आगे मेरा नाममा दर्ता रहेको जिल्ला रुपन्देही सि.न.पा वडा नं. १२ नक्सा सिट नं. १०४०२३८०९ कि.नं. ४५२ को ३२३.८० व.मी, ऐ.ऐ. कि.नं. १५४ को १३०.३६ व.मी, ऐ. वडा नं. ८ नक्सा सिट नं. १०४०१९७१६ कि.नं. ३३६ को व.मी. ७७८.८५ जग्गा म काम विशेषले बाहिर जानु परेको हुँदा उक्त जग्गा बेच बिखन हक हस्तान्तरणको लिखत रजिस्ट्रेसन पारित गर्न गराउन मेरो सट्टामा ऐनले अधिकृत वासेशनामाको कागज लेखि दिन हुने लाल सिंह गुरुङ्गको नातिनी गम बहादुर गुरुङ्गको छोरी हस्बीतरको नातिनी बुहारी चुरामणिको छोरा बुहारी पिताम्बर थापाको पत्नी जिल्ला चितवन भरतपुर म.न.पा वडा नं. १४ बस्ने जिल्ला प्रशासन कार्यालय चितवनबाट ना.प्र.नं. १०६८२/०५२ मिति २०५२/१२/२२ मा नेपाली नागरिकता प्राप्त गरेको वर्ष ६६ की रक्षा थापालाई मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १५४ बमोजिम अधिकृत वारेशनामाको कागज लेखि दिई रुपन्देही जिल्ला अदालतबाट मिति २०८०/०५/२० मा प्रमाणित भएको अधिकृत वारेश बदर गरी दिएको छु। यो अधिकृत वारेशनामा बदर भएको सूचना प्रकाशित भएको मिति देखि कोही व्यक्तिले अधिकृत वारेशबाट खरिद गरेमा सम्बन्धित अधिकृत वारेश लिने र जग्गा खरिदकर्ता जवाफदेही हुने व्यहोरा जानकारी गराउँछु।

# सुन्तलाको बोक्राबाट फेस प्याक र आयुर्वेदिक साबुन

स्याङ्जा। स्याङ्जा भन्नेबित्तिकै धेरैको मुख रसाउँनुका साथै मनमा सुन्तलाको मिठो स्वाद आउँछ। जिल्लाको पहिचान बन्दै गएको सुन्तला अब फलका रूपमा मात्रै सीमित नहुने भएको छ । सुन्तलाको बोक्रा प्रशोधन गर्दै जिल्लामै पहिलोपटक सौन्दर्य सामग्री तथा जडीबुटीको प्रयोगबाट हर्बल साबुनको उत्पादन थालिएको छ।

स्थानीय स्रोत तथा उत्पादनलाई मूल्यवर्द्धन गर्ने उद्देश्यले सुन्तलाको बोक्रा तथा जडीबुटीलाई उद्यम, रोजगारी र स्थानीय ब्रान्डमा परिणत गरिएको छ । विगतदेखि फालिदै आएको सुन्तलाको बोक्रा र स्थानीय जडीबुटीको बहुउपयोग गर्दै पुतलीबजार नगरपालिका-३ बाङ्खोलास्थित अन्जु कस्मेटिक एण्ड ब्युटी होमले फेस प्याक र आयुर्वेदिक साबुनको उत्पादन थालेको हो । उत्पादित सामग्री फेस प्याक र साबुनको बजारीकरणको समेत शुरुवात गरिएको छ।

राष्ट्रिय कृषि आधुनिकीकरण परियोजना स्याङ्जाको सहयोगमा संचालित 'युवा उद्यमशीलता' कार्यक्रमअन्तर्गत फेस प्याक र साबुनको उत्पादनसँगै बिक्री वितरण गरिएको छ । सुन्तलाको बोक्राबाट तयार गरिएको फेस प्याक तथा सुन्तला, तितेपाती र निमपातको प्रयोगबाट तयार पारिएको साबुन औपचारिक रुपमा बजारीकरण थालिएको हो।

जिल्लामा सुन्तला, तितेपाती र निमजस्ता कच्चा पदार्थको अभाव छैन। प्राकृतिक श्रोतबाट बनेका स्वास्थ्यमैत्री उत्पादनको प्रयोग बढाउन उत्पादकले आग्रह गरेका छन्। स्थानीय तीन जना महिलाको अगुवाइमा थालिएको अभियानलाई सबैले साथ दिए राम्रो सम्भावना बोकेको उनीहरुको बुझाई छ। अन्जु कस्मेटिक एण्ड ब्युटी होमकी संचालिका अन्जु शर्मा रेग्मीले स्थानीय उत्पादनलाई नयाँ पहिचान दिने उद्देश्यले यात्रा सुरु गरेको सुनाइन्।

जिल्लाको पहिचानलाई नयाँ स्वरुप दिएका उनीहरुले उत्पादनसँगै बजारीकरणको साझा प्रयास गरेको बताए । स्थानीय श्रोत, सीप र आयुर्वेदिक ज्ञानलाई जोडेर गुणस्तरीय सामग्री उत्पादन गरेको दाबी गरेका उनीहरुले सुन्तला उत्पादक कृषक, बेरोजगार महिला र युवालाई वनजंगलमा खेरा गएका जडिबुटीको सहयोगमा उद्यमसँग जोड्ने विश्वास लिएको जनाए।

स्थानीय उत्पादनको उचित उपयोग र स्वदेशी ब्रान्डप्रतिको विश्वास बढ्दै गए ग्रामीण क्षेत्रमा रोजगारी सिर्जना हुने र स्थानीय अर्थतन्त्र बलियो बन्ने अपेक्षा गरिएको छ । उत्पादनको पहिलो चरणमा सुन्तलाको फेस प्याक, सुन्तलाको नुहाउने साबुन, तितेपातीको नुहाउने साबुन र निमपातको नुहाउने साबुन बजारमा ल्याइएको छ। उत्पादनको बजारीकरण राम्रो बन्दै गए थप सामग्री उत्पादन गर्ने उद्योग संचालकको रणनीति रहेको छ।

झण्डै ८ लाखको लागतमा सञ्चालित उद्योगमा कच्चा पदार्थ, प्याकेजिङ तथा लेबलिङ मेशिनका लागि कार्यक्रमले सहजीकरण गर्दै आएको छ। रेग्मीसहित मिरा मल्ल र शर्मिला कुँवरसहित तीन महिलाको संयुक्त एएमएस आयुर्वेदिक टिमले आगामी दिनमा स्थानीय जडीबुटी र कृषि उत्पादनमा आधारित थप आयुर्वेदिक सामग्री उत्पादन गर्ने तयारी गरेको जनाइएको छ।

उद्योगले उत्पादनसँग सुन्तलाको बोक्राको सदुपयोग गरेपछि फोहोर व्यवस्थापनमा टेवा पुर्‍याउने, युवा तथा महिला उद्यमशीलता प्रवर्द्धन गर्ने, रोजगारी सिर्जना गर्ने र जिल्लाको पहिचानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा स्थापित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ।


## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेडको नाममा रहेको अचल सम्पत्ति लिलाम बिक्रीको ७ (सात) दिने सूचना

**प्रकाशित मितिः २०८३/०३/२२ गते सोमबारको दैनिक लुम्बिनी**

यस विकास बैंकको नाममा दर्ता रहेको तपशिलमा उल्लेखित अचल सम्पत्ति जँहा जे जस्तो अवस्था र परिणाममा छ सोही अवस्था र परिणाममा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएकोले यो सूचना प्रकाशित गरिएको छ। तसर्थ उक्त सम्पत्ति खरीद गर्न ईच्छुक ब्यक्ति/फर्म कम्पनी/संघसंस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र खरीद गर्न चाहेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा संस्थाको हकमा सञ्चालक समितिको निर्णय, अख्तियारी र अन्य आवश्यक अद्यावधिक कागजात सहित यस विकास बैंकको केन्द्रिय कार्यालय बुटवलमा आइपुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ। साथै बोलपत्रदाताहरुले आफूले कबोल गरेको रकमको कम्तीमा १० प्रतिशत रकम जम्मा गरी त्यसको सक्कल भौचर बोलपत्र साथ संलग्न गरेको हुनु पर्नेछ। बोलपत्र खोलिने मिति, समय र स्थान तथा बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा तोकिए बमोजिम हुनेछन भने बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ।

**तपशिल**

**लिलाम बिक्री गरिने सम्पत्तिको विवरण :**
**जग्गाधनीको नाम : शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड**

| | |
|---|---|
| १. | भूमि प्रशासन कार्यालय पाल्पामा दर्ता श्रेष्ता कायम रहेको पाल्पा जिल्ला तानसेन गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ८, स्थित कित्ता नं १८६ क्षेत्रफल ०-८-३-१ (रोपनी) र वडा नं/नक्सा सिट नं. ७, स्थित कित्ता नं ८०८ क्षेत्रफल ०-४-२-० (रोपनी) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| २. | भूमि प्रशासन कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला सानोश्री गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ५क, स्थित कित्ता नं ५३१ र ५३५ क्षेत्रफल ०-५-७-० र ०-१-१३-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| ३. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला माकर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ४त, स्थित कित्ता नं ९६९ र ९७० क्षेत्रफल क्रमश : ०-०-१८-० र ०-०-४-० (बिघा) र तिलकपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ३ख, स्थित कित्ता नं. ११ क्षेत्रफल ०-४-०-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| ४. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला तिलकपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ४क, स्थित कित्ता नं. ५०४ क्षेत्रफल ०-१-०-० (बिघा), वडा नं/नक्सा सिट नं. ३ङ, स्थित कित्ता नं. ४३५ क्षेत्रफल ०-०-६-० (बिघा) र वडा नं/नक्सा सिट नं. ३घ, स्थित कित्ता नं. १०९९ र ८३२ क्षेत्रफल ०-०-१३-० र ०-१-९-२ (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| ५. | भूमि प्रशासन कार्यालय गुलरिया, बर्दियामा दर्ता श्रेष्ता कायम रहेको बर्दिया जिल्ला मोतिपुर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. ८, स्थित कित्ता नं. १५७७, १५७९ र २२६५ क्षेत्रफल क्रमश : ०-०-६-०, ०-०-३-० र ०-०-२-० (बिघा) र वडा नं/नक्सा सिट नं. ७ज, स्थित कित्ता नं. ५७० क्षेत्रफल ०-१-४-० (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| ६. | भूमि प्रशासन कार्यालय परासी, नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला रामनगर गा.वि.स./न.पा. वडा नं/नक्सा सिट नं. २ङ, स्थित कित्ता नं. ९९ क्षेत्रफल ०-१-१८-०.७५ (बिघा) को घर/जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत। |
| ७. | भूमि प्रशासन कार्यालय लगनखेल ललितपुरमा दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सैंबु गा.वि.स./न.पा./ वडा नं./नक्सा सिट नं. ४क, स्थित कि.न. १२८८ क्षेत्रफल ०-४-०-० (रोपनी) र भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.)मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला परासी गा.वि.स./न.पा./ वडा नं./नक्सा सिट नं. २क, स्थित कि.न. ३०४ क्षेत्रफल ०-६-०-० (बिघा) को घर जग्गा तथा सोले चर्चेको सम्पूर्ण लिगलगापातहरु समेत |
| ८. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला तिलकपुर गा.वि.स. वडा नं. ४ख, स्थित कि.न. ३४२ र ३५२ क्षेत्रफल १-०-० र ०-२-५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत। |
| ९. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको जिल्ला नवलपरासी (ब.सु.प.) तिलकपुर गा.वि.स. वडा नं. १क, स्थित कि.न. २२४ क्षेत्रफल ०-२-१.७५-० (बिघा) को जग्गा र सो जग्गामा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत। |
| १०. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला दाउन्नेदेवी गा.बि.स. वडा न. ४ख स्थित कि.न ७७९ क्षेत्रफल ०-४-०-० (बिघा)को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत। |
| ११. | भूमि प्रशासन कार्यालय परासी नवलपरासी (ब.सु.प.) मा दर्ता श्रेस्ता कायम रहेको नवलपरासी (ब.सु.प.) जिल्ला दाउन्ने देवी गा.वि.स. वडा नं. ४क स्थित कि.न. १२३९ क्षेत्रफल ०-०-७-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत। |
| १२. | भूमि प्रशासन कार्यालय बुटवल रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको रुपन्देही जिल्ला सेमलार गा.वि.स. वडा नं. २ख, स्थित कि.न. २५६३ क्षेत्रफल ०-०-११.५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत |
| १३. | भूमि प्रशासन कार्यालय गुलरिया बर्दियामा दर्ता श्रेस्ता कायम रहेको बर्दिया जिल्ला खैरापुर गा.वि.स वडा न. ०३ स्थित कि.न ११४१ र ११४९ क्षेत्रफल ०-१-१७-० र ०-१०-०-०(बिघा), बर्दिया जिल्ला ताराताल गा.वि.स वडा न. ९ग स्थित कि.न ५७८ क्षेत्रफल ०-१३-०-० (बिघा), बर्दिया जिल्ला सानोश्री गा.वि.स वडा न. १ ङ र छ स्थित कि.न ५७१ र २६३ क्षेत्रफल क्रमशः ०-१०-०-० र ०-८-१५-० (बिघा) को जग्गाहरु र सो जग्गाहरुमा बनेको तथा पछि निर्माण हुने घर टहरा र सोले चर्चेको लिगलगापातहरु समेत। |

शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लि.
केन्द्रीय कार्यालयः
बुटवल-११, कालिकानगर, रुपन्देही
फोनः ०७१-४१५५०२/४१५५०३
E-mail: info@srdb.com.np, URL: www.srdb.com.np



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# तिलोत्तमामा तेस्रो संस्करणको दलित ज्ञान उत्सव सुरु



बुटवल । रूपन्देहीको तिलोत्तमामा आइतबारदेखि तेस्रो संस्करणको दलित ज्ञान उत्सव सुरु भएको छ । तिलोत्तमा नगरपालिकाको आयोजनमा सुरु भएको उत्सवको पूर्वमन्त्री छविलाल विश्वकर्माले उद्घाटन गरेका हुन् । उद्घाटन समारोहमा बोल्दै पूर्वमन्त्री विश्वकर्माले दलित समुदायको सवालमा स्थानीय तहले बहसको थालनी गरेर तिलोत्तमाले उदाहरणीय कार्य गरेको बताए । उनले जातीय भेदभाव तथा छुवाछुत उन्मूलन गरिएपनि व्यवहार यसका अवशेषहरु रहेको बताउँदै त्यसलाई चिर्ने गरी स्थानीय सरकारले विभिन्न विषयमा बहस गर्नु निकै प्रशंसनीय कार्य रहेको बताए ।

नेकपा एमालेका सचिव समेत रहेका विश्वकर्माले संविधानमा लेखिएअनुसार मानव मर्यादाको समाज निर्माणका लागि अब राजनीतिक पार्टीहरुले समेत त्यसलाई व्यवहारमा लागू गर्नुपर्ने खाँचो औंल्याए ।

कार्यक्रममा तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले सामाजिक न्याय सहितको तिलोत्तमा नगरपालिका निर्माण गर्ने उदेश्य अनुसार तिलोत्तमा दलित ज्ञान उत्सव आयोजना गरेको बताए । उनले तिलोत्तमा नगरपालिका भित्र कुनै पनि प्रकारको जातीय भेदभाव तथा छुवाछुत भएको अवस्थामा कानुन अनुसार कारबाही गर्ने बताए । उनले तिलोत्तमा नगरपालिकाले दलित ज्ञान उत्सवसँगै आदिवासि जनजाति र थारु समुदायको महोत्सव गर्ने तयारीमा रहेको समेत जनाए ।

यस्तै उत्सवको अवसरमा उपप्रमुख जागेश्वरीदेवी चौधरीले दलित समुदायमाथि सामाजिक रुपमा भएको उपेक्षालाई अन्त्य गर्ने प्रयास स्वरुप प्रत्येक वर्ष ज्ञान उत्सव गर्ने गरिएको बताइन् ।

कार्यक्रममा तिलोत्तमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खुमलाल भुसाल, कार्यपालिका सदस्य सुरेन्द्र श्रीले बोल्दै बहिष्करणमा पारिएको समुदायको सवालमा तिलोत्तमा दलित ज्ञान उत्सवमार्फत् राष्ट्रियस्तरमा बहस गराउने काम गरेको बताए । उद्घाटन सत्रलगत्तै विभेदविरुद्ध चित्रकला, संरचनात्मक लाभांश र उत्पीडनका मुद्दाका बारेमा प्राध्यापक डा. सञ्जिव उप्रेतीको प्रवचन गरिएको थियो । विभेदविरुद्ध संघ संस्था नगर संजालको भूमिका, स्थानीय तह र महिला जनप्रतिनिधिहरूको अनुभव, विभेदविरुद्ध युवा, सारङ्गीको धुन र विभेदविरुद्ध कविता र सांगितिक प्रस्तुति गरिएको सामाजिक विकास समिति संयोजक रवि सेन्चुरीले जानकारी दिए ।

त्यस्तैगरी दोस्रो दिन सोमबार सामाजिक न्यायका निम्ति स्थानीय तहको पहल, दलित उद्यम र बजारीकरण तथा विविधिकरण, वर्तमान समयमा दलित मुद्दाहरू नगर राजनैतिक दलहरूको भूमिका, पञ्चेबाजा र त्यसको इतिहास, प्रशासनिक संयन्त्रमा समावेशिताको विषयमा छलफल हुने जनाइएको छ । तिलोत्तमा नगरपालिकाले २०८० सालदेखि ज्ञान उत्सव गर्दै आएको हो ।

# फेदीखोलामा क्यूआर कोडमार्फत् मौरी अनुगमन



**प्रकाश डोटेल**
*स्याङ्जा*

स्याङ्जाको फेदीखोला गाउँपालिकामा मौरीपालन व्यवसायलाई क्यूआर कोडमार्फत् अनुगमन सुरु गरिएको छ । मौरीपालनको सम्भावना बढ्दै गएपछि गाउँपालिकाले प्रविधिको प्रयोगबाट अनलाइन प्रणालीमार्फत् घारको अवस्था, उत्पादन र रोगको निगरानी स्वरुप अनुमगन थालेको हो ।

डिजिटल सूचना प्रविधि भूमिसेवा नेटवर्क ‘बी.भूमि.अर्थ’ प्रणालीमार्फत सञ्चालन गरिएको क्यूआर कोड जिल्लाकै आँधीखोला गाउँपालिकाका मदन पौडेलले विकास गरेका हुन् । गाउँपालिकाले कृषकलाई अनुदानमा उपलब्ध गराएको मौरीका घारमा क्यूआर कोड जडान गरेपछि डिजिटल अनुगमन गर्ने कार्यलाई सञ्चालनमा ल्याएको छ ।

कृषकले पठाउने मौरीसहित घारको तस्बिर र परीक्षणका लागि क्युआर कोड स्क्यान गरेपछि कोडमार्फत् घारको अनुगमन गरिने गाउँपालिका अध्यक्ष घनश्याम सुवेदीले जानकारी दिए । घारको अवस्थादेखि रोगको जोखिम, उत्पादनको वर्तमान अवस्था तथा गोला टुक्राउने समय सिमाबारे जानकारी क्यूआर कोड सूचना प्रविधिबाटै प्राप्त गर्न सकिने व्यवस्था गरिएको छ ।

‘मौरीपालनलाई आधुनिक र व्यवस्थित बनाउँदै कृषकलाई सुरक्षित र आत्मनिर्भर बनाउने उद्देश्यले कोड स्क्यान प्रणाली लागू गरिएको गाउँपालिकाले जनाएको छ । गाउँपालिकाले हालसम्म ७० प्रतिशत अनुदानमा झण्डै एक हजार मौरीका घार वितरण गरेको छ भने कृषकले आफ्नै लगानीमा करिब दुई हजार गरी झण्डै तीन हजार घारमा मौरीपालन गरिँदै आएको छ ।

एक वर्षअघि २४ जना कृषकलाई प्रतिव्यक्ति २५ घारका दरले मौरी वितरण गरेको फेदीखोलामा सेरेना मौरी समूह गठन गरिएको थियो । चार वटा समूहमार्फत् पछिल्लो सयम एक सय २० जना कृषकले व्यावसायिक रुपमा मौरीपालन गर्दै आएका छन् । गाउँपालिकाका अनुसार अनुकूल हावापानी, प्रशस्त चरन क्षेत्र र वनस्पतिको उपलब्धताले मौरीपालन विस्तार हुँदै गएको छ ।

आगामी वर्षदेखि ‘एक किसान, कम्तीमा एक घार मौरी’ भन्ने अवधारणालाई अघि बढाउने तयारी गरिएको अध्यक्ष सुवेदीले जनाए । उनका अनुसार मौरीपालन व्यवसायलाई ग्रामीण रोजगारी, उद्यमशीलता र आयआर्जनको भरपर्दो आधारका रूपमा विकास गर्ने लक्ष्य बनाइएको छ ।

गाउँपालिकाले विद्यालयस्तरमै विद्यार्थीलाई मौरीपालनबारे जानकारी गराउन ‘एक विद्यालय, एक उद्यम’ कार्यक्रममार्फत् ९ विद्यालयमा मौरीपालन गतिविधि सञ्चालन गर्दै आएको छ । विद्यालयसँगै सहकारीमार्फत् मौरीसहितको घार उद्योग स्थापना, महको बजारीकरण, स्थानीय उत्पादनको प्रवर्द्धन, कोसेली घर सञ्चालन तथा चरन क्षेत्र संरक्षण र विकासका कार्यक्रम अघि बढाएको गाउँपालिकाले जनाएको छ ।

४० घार मौरीबाट पछिल्लो एक वर्षको अवधिमा ४० वटा नयाँ घार बिक्री गर्नुका साथै करिब दुई सय किलो मह र महका चाका बिक्री गरेकी स्थानीय मौरीपालक तथा होमस्टे संचालक खरीकुमारी गुरुङले झण्डै आठ लाख रुपैयाँ आम्दानी गर्न सफल भएको जानकारी दिइन् । मौरीपालन व्यवसाय सजिलो र आम्दानीको राम्रो श्रोत भएको गुरुङले बताइन् ।

मौरीपालक कृषक समूहका अध्यक्ष उजिरबहादुर केसीले फेदीखोलाको वातावरण मौरीपालन अनुकूल भएकाले मेहनत गर्ने मौरीपालक कृषक खाली हात बस्न नपर्ने जनाए । उनका अनुसार पछिल्लो सयम गाउँपालिकाभित्र करिब दुई सय परिवारको मुख्य आम्दानीको स्रोत मौरीपालन व्यवसाय बन्दै गएको छ ।

## नुनथलामा शैक्षिक सुनथला :

# सफलताको कथा, अन्तर्राष्ट्रियस्तरको मन्टेश्वरी शिक्षातर्फ उन्मुख



**प्रेम सुनार**
*गुल्मी*

गुल्मी सदरमुकाम तम्घासको व्यस्त बजारको छेउमै एउटा सानो बस्ती छ– नुनथला । नामले सामान्य लाग्ने यो ठाउँ केही वर्षअघिसम्म स्थानीय महोत्सव र सामाजिक गतिविधिका कारण मात्र चिनिन्थ्यो । तर आज नुनथलाको परिचय फेरिएको छ । अहिले यो ठाउँ एउटा शैक्षिक क्रान्तिको केन्द्र बनेको छ । गुणस्तरीय शिक्षाको उज्यालो फैलाउन थालेपछि स्थानीयले समेत भन्न थालेका छन्-‘नुनथला अब शैक्षिक सुनथला बनेको छ ।’

यो परिवर्तनको केन्द्रमा छ ब्रिलियन्ट युनाइटेड एकेडेमी । वि.सं. २०६७ सालमा एउटा सामान्य टहराबाट सुरु भएको यो विद्यालयले सुरुदेखि नै फरक सोच बोकेको थियो । जिल्लामा पहिलो पटक मन्टेश्वरी शिक्षण पद्धति भित्र्याएर बालशिक्षालाई नयाँ दिशा दिएको यस संस्थाले अहिले त्यसलाई अन्तर्राष्ट्रिय स्तरको पूर्ण मन्टेश्वरी प्रणालीमा विस्तार गरेको छ ।

यही शैक्षिक सत्रदेखि सञ्चालनमा ल्याइएको आधुनिक मन्टेश्वरी कार्यक्रमले पहिलो वर्षमै अपेक्षाभन्दा बढी सफलता प्राप्त गरेको छ । विद्यालयले १०० भन्दा बढी विद्यार्थी भर्ना गर्न सफल भएको छ । यो केवल विद्यार्थी संख्या बढेको तथ्य होइन, अभिभावकको विश्वास, विद्यालयको शैक्षिक दृष्टिकोण र गुणस्तरीय शिक्षाप्रतिको प्रतिबद्धताको प्रतिफल हो ।

यस सफलतालाई विद्यालय परिवारले उत्सवका रूपमा मनाएको छ । प्रथम त्रैमासिक परीक्षाफल सार्वजनिक गर्दै उत्कृष्ट विद्यार्थीलाई सम्मान, पुरस्कार वितरण तथा शिक्षक सम्मान कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको थियो । कार्यक्रममा विद्यार्थी, अभिभावक, शिक्षक तथा स्थानीय सरोकारवालाको उत्साहजनक सहभागिताले विद्यालयप्रतिको विश्वास दिनप्रतिदिन मजबुत बन्दै गएको सन्देश दिएको छ ।

**‘शिक्षकले पढाउने होइन, सिकाउने’ संस्कार**

ब्रिलियन्ट युनाइटेड एकेडेमीको मूल दर्शन नै परम्परागत घोकाइमा होइन, सिकाइमा आधारित शिक्षामा केन्द्रित छ । विद्यालयका कार्यवाहक अध्यक्ष ढुण्डिराज पोखरेल भन्छन्-‘२०६७ सालमा एउटा सामान्य टहराबाट सुरु भएको यो यात्रा आज यहाँसम्म आइपुगेको छ । गुल्मीमा पहिलो पटक मन्टेश्वरी शिक्षण पद्धति सुरु गर्ने साहस हामीले गर्यौं गुणस्तरीय शिक्षा र सिकाइमा आधारित अभ्यासले अभिभावकको विश्वास जित्यौं । हाम्रो आदर्श वाक्य नै यही हो– शिक्षकले विद्यार्थीलाई केवल पढाउने होइन, सिकाउने ।’

उनका अनुसार विद्यालयले विद्यार्थीलाई परीक्षामुखी मात्र होइन, व्यवहारिक, सिर्जनशील र जीवनोपयोगी शिक्षा दिन प्राथमिकता दिएको छ ।

**‘१०० विद्यार्थी संख्या होइन, १०० परिवारको विश्वास हो’**

विद्यालयका प्रिन्सिपल सन्तोष थापा सफलताको पछाडि अभिभावकको विश्वासलाई मुख्य आधार मान्छन् । उनी भन्छन्-‘हामीले विद्यार्थी संख्या सय नाघेकोमा खुसी मनाएका छैनौं, सयभन्दा बढी परिवारको विश्वास जितेकोमा गौरव गरेका छौं । यो विश्वासलाई कहिल्यै ढल्न दिने छैनौ । गुणस्तरीय, व्यवहारिक र प्रविधिमैत्री शिक्षामार्फत् प्रत्येक बालबालिकाको प्रतिभा पहिचान र विकासमा हामी अझ जिम्मेवार भएर लाग्नेछौं । मन्टेश्वरी प्रणालीलाई अझ प्रभावकारी बनाउँदै प्रत्येक कक्षालाई स्मार्ट सिकाइको केन्द्र बनाउने हाम्रो लक्ष्य हो ।’

उनले थपे-‘स्मार्ट विद्यालय बनाउन सबैभन्दा पहिले शिक्षक स्मार्ट हुनुपर्छ । त्यसपछि मात्रै विद्यार्थीको सिकाइमा वास्तविक परिवर्तन आउँछ ।’

**‘अब गुणस्तरीय शिक्षाका लागि बाहिर धाउन पर्दैन’**

रेसुङ्गा नगरपालिकाका शिक्षा शाखा प्रमुख तथा निमित्त प्रमुख प्रशासकीय अधिकृत पिताम्बर पन्थी ले ब्रिलियन्ट युनाइटेड एकेडेमीले गुल्मीमै गुणस्तरीय शिक्षाको नयाँ सन्देश दिएको बताए ।

उन भने-‘एक समय गुणस्तरीय शिक्षाका लागि बुटवल वा काठमाडौं जानुपर्छ भन्ने सोंच थियो । आज ब्रिलियन्ट युनाइटेड एकेडेमीले त्यो सोच परिवर्तन गर्न सफल भएको छ । अब आफ्नै जिल्लामा अन्तर्राष्ट्रिय स्तरको शिक्षा सम्भव छ भन्ने विश्वास यस संस्थाले दिलाएको छ ।’

रेसुङ्गा नगरपालिका-२ का वडाध्यक्ष हिराबहादुर थापा ले पनि संस्थागत विद्यालयमध्ये ब्रिलियन्ट युनाइटेड एकेडेमी जिल्लाले गर्व गर्न सक्ने शैक्षिक संस्था बनेको बताए ।

**मन्टेश्वरीभित्र के छ ?**

विद्यालयले कार्यक्रमअघि अभिभावकलाई मन्टेश्वरी कक्षाको अवलोकन गराएको थियो । बालबालिकाले खेल्दै, छोएर, प्रयोग गर्दै र आफैं अनुभव गरेर सिक्ने वातावरण देखेपछि धेरै अभिभावक उत्साहित देखिएका थिए ।

विद्यालयको भनाइमा मन्टेश्वरी भनेको केवल आकर्षक कक्षा होइन, बालबालिकाको स्वाभाविक जिज्ञासा, सिर्जनशीलता, आत्मविश्वास र व्यवहारिक ज्ञान विकास गर्ने वैज्ञानिक शिक्षण प्रणाली हो ।

**गुणस्तरीय शिक्षासँगै आधुनिक सुविधा**

ब्रिलियन्ट युनाइटेड एकेडेमीले आधुनिक शिक्षणसँगै विद्यार्थीको सर्वाङ्गीण विकासलाई केन्द्रमा राखेर विभिन्न सुविधा प्रदान गर्दै आएको जनाएको छ ।

विद्यालयका प्रमुख विशेषताहरूः

अन्तर्राष्ट्रिय स्तरको मन्टेश्वरी शिक्षण प्रणाली
अनुभवी तथा दक्ष शिक्षक टोली
सुरक्षित, स्वच्छ र बालमैत्री वातावरण
प्रविधिमैत्री तथा स्मार्ट सिकाइ
अतिरिक्त क्रियाकलापमा विशेष प्राथमिकता
नैतिक, व्यवहारिक र गुणस्तरीय शिक्षा
अभिभावक-शिक्षक नियमित अन्तरक्रिया
प्रत्येक बालबालिकाको व्यक्तिगत क्षमता पहिचान गरी सिकाइ

नयाँ शैक्षिक सत्र २०८३ का लागि प्ले ग्रुपदेखि विभिन्न कक्षासम्म भर्ना खुला गरिएको विद्यालयले जनाएको छ । सीमित सिट भएकाले समयमै भर्ना प्रक्रिया पूरा गर्न विद्यालयले अभिभावकलाई आग्रह गरेको छ ।

**नुनथलाबाट सुरु भएको परिवर्तन**

कहिल्यै सामान्य बस्तीका रूपमा चिनिएको नुनथला आज शिक्षाको उज्यालोले परिचित हुँदै गएको छ। एउटा टहराबाट सुरु भएको सपना आज आधुनिक शैक्षिक संस्थामा रूपान्तरण भएको छ । सयभन्दा बढी विद्यार्थीको विश्वास, अभिभावकको साथ, शिक्षकको समर्पण र व्यवस्थापनको दूरदृष्टिले नुनथलालाई साँच्चिकै ‘शैक्षिक सुनथला’ बनाएको छ ।

# स्वर्गीय चालकका परिवारलाई १५ लाख राहत



बुटवल । पश्चिम नेपाल बस प्रा.लि. तथा पश्चिम नेपाल यातायात सहकारीले दुर्घटनामा ज्यान गुमाएका चालक स्वर्गीय भद्रसिंह गुरुङको परिवारलाई १५ लाख रुपैयाँ राहत रकम हस्तान्तरण गरेको छ । संस्थाले दुर्घटना बिमा वापत प्राप्त उक्त रकम स्वर्गीय गुरुङकी धर्मपत्नी तुलसादेवी खाम्चा गुरुङलाई एक कार्यक्रमबिच चेकमार्फत् प्रदान गरेको हो ।

चितवन जिल्ला इच्छाकामना गाउँपालिका-३ स्थायी घर भई बुटवल-३ गोलपार्कमा बसोबास गर्दै आएका गुरुङ गत मंसिर ६ गते राति करिब ९:३० बजे छिमेकी जानकी गुरुङको घरको छतबाट खसेर गम्भीर घाइते भएका थिए । उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल लैजाँदै गर्दा उनको निधन भएको थियो । उनी लामो समयदेखि पश्चिम नेपाल यातायात सहकारीमा आबद्ध भई बस व्यवसाय तथा स्वरोजगार चालकका रूपमा कार्यरत थिए ।

राहत रकम हस्तान्तरण कार्यक्रममा पश्चिम नेपाल बस प्रा.लि.का अध्यक्ष दधिराम खरेलले संस्थाले आफ्ना सदस्य व्यवसायी, चालक तथा सहचालक र उनीहरूका परिवारको सामाजिक तथा आर्थिक सुरक्षालाई प्राथमिकतामा राखेर विभिन्न कल्याणकारी कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनले दुर्घटनामा ज्यान गुमाउने सदस्यका परिवारलाई १५ लाखदेखि २२ लाख रुपैयाँसम्म राहत उपलब्ध गराउने व्यवस्था रहेको उल्लेख गर्दै संस्थासँगको सानो आबद्धताले कठिन परिस्थितिमा परिवारलाई ठूलो सहारा पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रममा पश्चिम नेपाल बस प्रा.लि.का सञ्चालकहरू, पश्चिम नेपाल यातायात सहकारीका उपाध्यक्ष जीवन बन्जाडे, सचिव जितेन्द्र खत्री, कोषाध्यक्ष नारायण भण्डारीलगायतले सहकारी र कम्पनीले सदस्यहरूको हितमा बिमा, राहत तथा सामाजिक सुरक्षा केन्द्रित विभिन्न कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गरिरहेको बताए । पश्चिम नेपाल बस प्रा.लि.का अनुसार हालसम्म पाँच जना सदस्यका परिवारले यस्तो राहत सुविधा प्राप्त गरिसकेका छन् । सहकारीका सचिव एवं प्रा.लि.का सञ्चालक जितेन्द्र खत्रीका अनुसार यसअघि सिद्धार्थनगर-३ निवासी जानकीदेवी पाण्डे शर्मा, बुटवल-११ निवासी सन्तोष विक, नवलपरासीको प्रतापपुर-९ निवासी जगदीशप्रसाद चौधरी तथा तानसेन-१० निवासी कोपिल रानाले पनि संस्थाबाट राहत रकम प्राप्त गरिसकेका छन् । संस्थाले सदस्यहरूको सामाजिक सुरक्षालाई थप प्रभावकारी बनाउने उद्देश्यले बिमा तथा राहत कार्यक्रमलाई निरन्तरता दिँदै आएको जनाएको छ ।





आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि

सधैं हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, अर्घाखाँची

**नाम, थर र जन्ममिति प्रमाणित गरिएको सम्बन्धमा**

**जो जससँग सम्बन्धित छ ।**

**मिति :– २०८३/०३/२२**

प्रस्तुत विषयमा जिल्ला अर्घाखाँची, सन्धिखर्क नगरपालिका वडा नं. १ निवासी पन्च कुमार कक्षपति भन्ने पन्च बहादुर थापाको नेपाली नागरिकताको प्रमाणपत्र (ना.प्र.नं. २.१२९/१९२६) मा नामथर पन्च कुमार कक्षपति भन्ने पन्च बहादुर थापा, जन्ममिति वि.सं. २०१३/०६/०६ (1956-sep-21 A.D.) भएको र भारतीय पेन्सन अभिलेख (Reg No. 5445824X/TS No.118567) मा नामथर Pancha Bahadur Thapa, जन्ममिति 20-09-1956 A.D भई फरक परेकोले दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको साथै निजकी पत्नीको नेपाली नागरिकताको प्रमाणपत्र (ना.प्र.नं.४७/३९) मा नामथर मनि कुमारी कक्षपति भन्ने मनि कुमारी थापा र जन्ममिति वि.सं. २०२०/१२/११ (1964-Mar-24 A.B) भएको र भारतीय पेन्सन अभिलेखमा नामथर Mani Kumari Thapa, जन्ममिति 02-Dec-1964 A.B भई फरक परेकोले दुवै नामथर र जन्ममिति गरेको व्यक्ति एउटै भएको र निजको छोराको नेपाली नागरिकताको प्रमाणपत्र (ना.प्र.नं. ८१३/४०१०१७) मा नामथर बिजय कक्षपति भएको र भारतीय पेन्सन अभिलेखमा Vijay Kumar Thapa, भई फरक परेकोले दुवै नामथर गरेको व्यक्ति एउटै भएको व्यहोरा प्रमाणित गरी पाऊँ भनी यस कार्यालयमा पेश गरेको निवेदन, नेपाली नागरिकताको प्रमाणपत्र, भारतीय पेन्सन अभिलेख र सन्धिखर्क नगरपालिका १ नं. वडा कार्यालयको प.सं. २०८२/८३, च.नं. १८८८, मिति २०८३/०३/१८ को पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनको लागि सोही व्यहोरा फोटो सहित प्रमाणित गरिन्छ ।



**प्रमुख जिल्ला अधिकारी**

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com